**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३० मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रिय स्वयंसेवक संघले राज्यका विभ्भिन्न जिल्लाहरू तथा महकुमाहरूमा वष्ज्ञ प्रतिपदा पर्व पालन गरयो। प्रधानमत्री नरेन्द्र मोदीले संघको मुख्यालय नागपुर पुगेर संघका संस्थापक ड़ा. केशव कलिराम हेगडेवारलाई श्रदाजंली अर्पित गर्नुभयो।
- बागामी २ अप्रेलको दिन दिल्लीमा हुने वार्ताले गोरखाहरूको भविष्य तय गर्ने दिशा सांसद राजु विष्टले व्यक्त गर्नुभयो।
- मालाको मोथाबारीमा हिन्दूहरूमाथि भएको आक्रमण र हिन्साको विरोधमा राज्य भाजपा अध्यक्ष र केन्द्रिय मंत्री ड़ा. सुकान्त मजुमदारको नेतृत्वमा आज ठूलो विरोध प्रदर्शन आयोजित गरियो।
- आफ्नो लन्डन भ्रमण्को बेला अक्सफोर्ड विश्वविध्यालय संबध केलोग कलेज संगोधनको बेला आरजी कर मामिलामा विरोध र अभद्रता विपक्षले गराएको आरोप मुख्यमंत्री ममता व्यानर्जीले लगाउनु भएको छ।
- आज देखि चौच नवरात्र ताा एक साता व्यापी रामनवमी उत्सव शुरू भएको छ।

**वर्ष प्रतिपदा- आर.एस.एस**

राष्ट्रिय स्वयंसेवक संघले पश्चिम बंगाल राज्यभरी आफ्ना शाखाहरूमा संबधित सबै संगठनहरू सित मिलेर वर्ष प्रतिपदा , हिन्दु नयाँ वर्ष विक्रम सम्वत २०८२ पालन गरयो। यस अवसरमा राष्ट्रिय स्वंसेवक संघका संस्थापक ड़ा. केशव बलिराम इडगेवारलाई श्रदाजंली अर्पित गरियो। स्मरण रहोस चैत्र शुक्ल प्रतिपदाकै दिन ड़ा. हेडगेवारको जन्म एक अप्रेल १८८९ मा नागपुरमा भएको थियो। अध्ययनले त्यस ताक एम.बी.बी.एस को चिकित्सक डिग्री हासिल गरेर पनि उहाँले नौकरी -पेशा गर्नु भएन तथा सन् १९२५ मा विजयदशमीको दिन नागपुरको महालमा राष्ट्रिय स्वंसेवक संघको स्थापना गर्नुभयो। देशमा हिन्दु जीवन मूल्य तथा प्रखर राष्ट्रभक्ति अनि निस्वार्थरूपमा राष्ट्र र समाजको सेवाका साथ संगठित राष्ट्र शक्तिको निमार्णमा उहाँले आफ्नो जीवन अर्पित गरिदिनुभयो। चरित्रवान , समरस अनि सामर्थवान समाज रचनामा उहाँको ठूलो योगदान छ। यसै योगदानलाई स्मरण गर्न आज दार्जीलिङ पहाड़, तराई,डुर्वस लगायत पश्चिम बंगालका विभिन्न जिल्ला , महकुमा तथा खण्ड स्तरमा रहेका शाखहरूमा वर्ष प्रतिपक्ष पर्व पालन गरियो।

****** ० ******

**राजू विष्ट**

लोकसभा क्षेत्रका सांसद राजु बिष्टले हालै केन्द्र सरकारबाट आएको वार्ताको आमन्त्रणलाई लिएर आफ्नो बिचार साझा गरेका छन्। उहाँले आगामी २ अप्रेलको दिन हुने वार्तालाई गर्वको बिषय रहेको बताउनुहुँदै, वार्ता गोर्खा समुदायको निम्ति सकारात्मक हुने सम्भावना व्यक्त गर्नुभयो। बिष्टले वार्ता कुनै राजनैतिक दलको नभएर सम्पुर्ण पहाडको जनताको रहेको बताउँदै वार्तालाई लिएर कसैले राजनिति नगर्ने आवहान गर्नुभएको छ। उहाँले यो वार्ता मार्फत यहाँका जनतालाई मुक्ति अनि न्याय प्राप्त होस भन्ने कामना पनि गर्नुभएको छ

****** ० ******

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिको सभा केन्द्रीय कार्यलय दार्जीलिङमा आज सम्पन्न भयो। पार्टी अध्यक्ष मन घिसिङको अध्यक्षतामा सम्पन्न भएको सभालाई केन्द्रीय समिति सदस्य भक्त जैरुले संचालन गरेका थिए। सभामा विधायक एवं गोरामुमो केन्द्रीय समितिका महासचिव निरज जिम्बा, साथै पार्टीका अन्य नेता गण उपस्थित थिए। सभा पछि केन्द्रीय समिति प्रवक्ता वाई लामाले पत्रकारहरुलाई सम्बोधन गर्दै भारत सरकारले आगमी २ अप्रेल को दिन त्रिपक्षीय वार्ता डाकेकोमा आजको बैठकमा व्यापक छलफल भएको बताउनुभयो। यसको साथै गोरामुमो केन्द्रीय समितिको तर्फबाट भारत सरकार, प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह अनि सांसद राजु बिष्टलाई वाई लामाले धन्यबाद दिएका छन्। आजको सभामा पाँच अप्रेल २०२५ को दिन पार्टीको स्थापना दिवस पालन गरिने विषयमा पनि व्यापक छलफल गर्दै अब हुने त्रिपक्षीय वार्ता

पछि केन्द्रीय समितिको सभा बसेर निर्णय गरिने पनि वाई लामाले जानकारी दिएकाछन्।

**मालदामा भाजपाको प्रदर्शन**

पश्चिम बंगालको मालदा जिल्ला अधिनस्थ मोथाबारीमा तनाउ जारी छ। केन्द्रिय मन्त्री एवं भाजपा प्रदेश अध्यक्ष सुकान्त मजुमदारलाई मोथाबाड़ी जाने क्रममा इंग्लिश बजारको सादुल्लापुरमा रोकियो। यसको विरोधमा भाजपा नेताहरूले सादुल्लापुरमा राज्य मार्गमा आगो बालेर विरोध गरे। कार्यक्रममा सुकान्तसित उत्तर मालदाका सांसद खगेन मुर्मू एवं अन्य पनि उपस्थित थिए। मोथाबारीमा व्याप्त अशान्तिलाई लिएर भाजपाले आज विरोध कार्यक्रम आयोजना गरेको थियो। यसै अन्तर्गत मालदा शहरदेखि मोथाबारीसम्म बाइक र्‍याली आयोजना गरियो। र्‍यालीको नेतृत्व केन्द्रिय मन्त्री एवं प्रदेश भाजपा अध्यक्ष सुकान्त मजुमदारले गरेकाथिए। र्‍यालीआई रोक्नको लागि सादुल्लापुरमा पुलिसद्वारा ब्यारिकेडिंग अनि ठूलो संख्यामा पुलिस बललाई तैनाथ गरिएकोथियो। भाजपा नेताहरूले पहिला फलामको ब्यारिकेडलाई भत्काए, तर उनीहरूले लगभग 10 फुट अग्लो बाँसको दोस्रो ब्यारिकेडलाई भने भत्काउन सकेनन्। त्यसपछि भाजपा नेताहरूले सड़कमा बसेर विरोध प्रदर्शन गरे। स्थितिलाई नियन्त्रण गर्नको लागि पुलिसलाई तत्काल सुकान्त मजुमदार सहित अन्य नेता अनि समर्थकहरूलाई हिरासतमा लिनुपर्‍यो।

****** ० ******

**मेट्रो**

देशभरिमा भोलि सोमवार पवित्र ईद मनाइनेछ। ईदको दिन सार्वजनिक छुट्टीको मद्देनजर राज्यको राजधानी कोलकातामा मेट्रो सेवाहरुमा कटौती गरिन्दैछ। यस बारे मा कोलकाता मेट्रो रेल प्राधिकरणद्वारा अधिसूचना जारी गरिएको छ। मेट्रो रेलवे सूत्र अनुसार, सामान्य दिनहरुमा दक्षिणेश्वरदेखि कवि सुभाष सम्म चल्ने ब्लू लाइनमा कुल 2 सय 62 ट्रेनहरु चल्दछ तर ईदको दिन 2 सय 36 मेट्रो ट्रेनहरु चल्नेछ। अप-डाउन गरी 1 सय 18 जोड़ी ट्रेनहरु चल्नेछ। मेट्रो रेलवे सूत्र अनुसार, भोलि ग्रीन लाइन एक मा कुल 90 ट्रेनहरु चल्नेछ।

**ममता**

राज्यको मुख्यमंत्री ममता ब्यानर्जी हिज बेलुकी लंदनबाट कोलकाता फर्कनु भएको छ। मुख्यमंत्रीले आफु लंदनबाट संतुष्ट रहेको बताउनुभयो। ऑक्सफोर्ड मा आफनो सम्भाषणको अवधि गरिएको अभद्रता बारे मा मुख्यमंत्रीले विपक्षको आलोचना गर्नुभयो। कसैको नाम लिए बिना मुख्यमंत्रीले उनीहरुको हिंसाको जवाब आफ्नो कार्यको माध्यमबाट दिने कुरो बताउनुभयो। मुख्यमंत्रले मानिसहरुलाई साथमा लिएर उनीहरुको आवश्यकताहरु पुरा गर्दै ठुला-ठुला विकास परियोजनाहरु लागू गर्ने बताउनुभयो। यस यात्राको अवधि सुश्री ब्यानर्जीलाई प्रवासी बंगाली, भारतीय, ब्रिटिश निवासी अनि ऑक्सफोर्डका प्रोफेसर, शोधकर्ता एवं छात्रहरुद्वारा दुर्लभ सम्मान दिइयो। यो सम्मान केवल आफ्नो मात्र नरहेर बंगालको पनि रहेको मुख्यमंत्रीले बताउनुभएको छ। सुश्री ब्यानर्जीलाई 'बंगाल मा महिला सशक्तिकरण' को सफलता बारेमा मानिसहरुलाई सम्बोधन गर्नकालागि अक्सफर्डमा आमंत्रित गरिएको थियो। यस यात्राद्वारा बंगाल अनि ब्रिटेन बीच समन्वय बढ़ेको बताइएकोछ। लंदन मा भारतीय उच्चायुक्त विक्रम दोरईस्वामीले_पनि मुख्यमंत्रीको कार्य अनि बंगालमा उद्योग-अनुकूल वातावरणको प्रशंसा गर्नुभएको_छ।

**रामनवमी जन्मोत्सव**

आजदेखि आरम्भ चैत्र नवरात्रीलाई केन्द्र गरेर आगामी ६ अप्रेलको दिन दार्जीलिङ्गमा रामनवमी जन्मोत्सव झाँकी एवं शोभा यात्रा निकालिने जानकारी दिइएको छ। श्रीराम मन्दिर पूजा महोत्सव तथा राम नवमी समितिद्वारा आयोजनामा हुने यस धार्मिक एवं सांस्कृतिक रैली स्थानीय ठाकुरवाडी मन्दिरबाट शुरु भएर चौरस्ताहुँदै महाकाल डाँडामा पुगेर समापन हुने बताएको छ। यस अवसरमा सहभागिता जनाइदिने आम मानिसहरुप्रति अपील गर्दै आयोजक समितिले यस दिन हुनसक्ने गाडी जामको असुविधाप्रति सबैसमक्ष खेद प्रकट गरेका छन्।

**घुम्ती- पूजा**

खरसाङ महकुमा अन्तर्गत घुम्ती चियाबारीस्थित माता सिंहदेवी मन्दिरमा घुम्ती ग्राम सुधार पूजा समितिद्वारा राम नवमी अनि नवरात्रिको अनुष्ठान पूजा सम्पन्न भएको छ। यो पूजा पण्डित मुक्तिनाथ ढकालद्वारा सम्पन्न गरिएको छ। यस पूजामा कलश यात्रा पनि निकालिएको छ। यो अनुष्ठान आजदेखि लगातार रुपमा आगामी 6 अप्रेल सम्म रहने जानकारी स्थानीयहरुबाट प्राप्त भएको छ।

****** ० ******

**रैयत**

अधिवक्ता चेतना तामाङको नेतृत्वमा एक टोलीले दार्जिलिङका अतिरिक्त जिल्लापाललाई भेट गरी जिटिएका प्रमुख सल्लाहकार ज्योतिकुमार राईको सहयोगमा सौरेनी बस्ती अनि मरमाका १ सय ३२ जना रैयतहरूको समस्या समाधान भएपछि आज आइतबार सौरेनी बस्ती घुमाउनेटार सार्वजनिक भवनमा समाधान भएको कागज वितरण गरियो। खासमल संरक्षण समिति सौरेनी बस्तीको आयोजना अनि कुशल गोलेको संचालनमा भएको कागज वितरण कार्यक्रममा भागोप्रमो केन्द्रीय सदस्य ज्योति कुमार राई,जीटीएका कार्यकारी सभासद अरूण सिग्ची, लगायत स्थानीय जेष्ठ नागरिकहरू उपस्थित थिए। सौरेनी बस्ती अनि मरमा खासमहल क्षेत्रका रैयतहरूको जमीनको कागजमा पेट्रोलपम्प देखाएको हुनाले लामो समयदेखि समस्या भोगिरहेका थिए। जसको कारण उनीहरूको जमीनको खजना अधिक, सरकारबाट पाउने सहुलियतमा समस्या, ट्रान्सफर आदि गर्दा समस्या भइरहेको थियो। यसको समाधानको निम्ति अधिवक्ता चेतना तामाङ, प्रेम साम्पाङ आदिको नेतृत्वमा केही समय अघि सौरेनी बस्ती खासमहल संरक्षण समिति गठन गरिएको थियो।

****** ० ******

**मिरिक-साहित्य संस्था**

मिरिकको तीनवटा साहित्यिक संस्थाहरु साहित्य सुनौ परिवार मिरिक, अगमसिंह गिरी साहित्य प्रतिष्ठान सौरेनी, इबरा साहित्य प्रतिष्ठान तराईको संयुक्त आयोजनामा आज मिरिकको भूतपूर्व सैनिक भवनमा अन्तर्राष्ट्रिय काव्य उत्सव नेपाल, भारत र भूटानका स्रष्टाहरुको साहित्यिक समागम कार्यक्रम साहित्य सुनौ परिवार मिरिकका सह सचिव अमर दुङमालीको अध्यक्षतामा सम्पन्न भयो। यस कार्यक्रमका मुख्य अतिथि सिक्किम राज्य ओबीसीका अध्यक्ष पवित्र भण्डारी थिइन्। कार्यक्रममा आसाम तेजपुर विश्वविद्यालयका प्राध्यापक डा.गोमा अधिकारी र गान्तोक चिया कवितालाई नेपाली साहित्यमा अनवरत सेवा पुऱ्याए वापत नगद राशी २५ हजार नगदसहित पुरस्कार प्रदान गरियो। साहित्यकार,कवि, शिक्षक मनोहर शर्मा र कवि अर्पण राईले सञ्चालन गरेको यस कार्यक्रममा राजबहादुर राई,प्रवीण राई 'जुमेली' ले भारतीय नेपाली साहित्यमाथि वार्ता प्रस्तुत गरे भने पवित्र भण्डारी,सुनिल पौडेल, युवराज काफ्ले, प्रवीण खालिङ र डा.गोमा अधिकारीले वक्तव्य राखे। कार्यक्रममा भारत नेपाल र भुटानका कविहरुले कविता वाचन गरेका थिए।

****** ० ******

****** ० ******